# सम्पादकीय..................✍

आदरणीय पाठकवृन्द !

'विगुल' भित्ते पत्रिका २०७५ को दोस्रो नयाँ अङ्क यहाँहरूको लागि महत्त्वपूर्ण बौद्धिक खुराकका साथमा पस्कन पाउँदा हामी निकै हर्षित छौँ । विद्यार्थीहरूको अभिव्यक्ति कलाको विकासको निम्ति हामी सदैव प्रयत्नशील छौँ । व्यक्तितत्व विकासको लागि अवसर र साधना दुबै अनिवार्य मानिन्छन् । यही उद्देश्यले बिहानी प्रार्थना कार्यक्रममा विद्यार्थीहरूलाई मञ्चमा उभिएर आफूभित्रका गुम्फित प्रतिभाको बाह्य प्रकटीकरणमा सुवर्ण अवसर विद्यालयले प्रदान गरेर उर्बरताको खोजी मात्रै गरिरहेको छैन, सिङ्गै बिगुल पत्रिकाको माध्यमबाट समेत उनीहरूको व्यक्तित्व प्रकाशनको अवसर प्रदान गरिरहेको छ । विभिन्न लेख रचनाको लागि विषय अध्ययन, खोज र अभ्यासबाटै विद्यार्थीहरूले मौलिक लेखन, गर्न सक्ने र यही अनुकूल परिवेशले बिगुलको आयम संरचनागत र गुणात्मक  ढङ्गले फैलिन सक्छ भन्ने हाम्रो विश्वास छ ।

समय सापेक्ष परिवर्तनसँगै आफूलाई प्रतिस्पर्धी बनाई समायोजित गर्न सक्नु अहिलेको खाँचो हो । यही यथार्थलाई महसुस गरी बिगुल पत्रिकाको लागि हामीले मौलिक र खोजमूलक सिर्जनात्मक रचनाहरू आह्वान गर्ने गरेका छौँ । विगतको अङ्कभन्दा यस अङ्कमा धेरै विद्यार्थीहरू अट्न सकून् भनेर यसको आकारलाई समेत बढाइएको छ । सङ्ख्यात्मक हिसाबले कुरा गर्दा सय बढी रचनाहरू यस अङ्कका पृष्ठमा प्रकाशित हुन सक्ने अवस्था रहेको छ । यस अङ्कलाई रोचक र स्तरीय बनाउने उद्देश्यले हामीले रचनाका प्रकृति, विधा र विषयवस्तुलाई मुख्यत : प्राथमिकता दिएका छौँ । विद्यार्थीहरूका रचनाहरूलाई विषयवस्तुगत विविधता र सान्दर्भिकताका आधारमा छनोट र स्तरीकरण गरी प्रकाशनको अवसर प्रदान गरेका छौँ । त्यसैले सबै भाइबहिनीहरूका रचना यस अङ्कमा नअटाएका हुन् । बाँकी रचनाहरूलाई आउँदो अङ्कमा अवसर प्रदान गरिने नै छ । यस पत्रिकाको लागि आफ्ना अमूल्य रचना प्रदान गर्ने सबैमा सम्पादक मण्डल हार्दिक आभार प्रकट गर्दछ ।

अन्त्यमा, नजिकिँदै गरेको द्वितीय त्रैमासिक परीक्षामा भाइबहिनीहरूको सफलताको शुभकामनाका साथै हाम्रा महान् पर्वहरू वडा दसैँ, दीपावली र छठ पर्वको पूर्वसन्ध्यामा समस्त विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक आदि सबै मा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको मङ्गलमय शुभकामना पनि यसै पत्रिकाका माध्यमबाट व्यक्त गर्न चाहन्छौँ । अनि यस पत्रिकाको स्तरीकरणको लागि रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दै प्राप्त स्वच्छ आलोचनाका आधारमा पत्रिकाका आगामी अङ्कहरूमा हामी प्रस्तुत हुने वचनबद्धता व्यक्त गर्दछौँ ।
धन्यवाद !

सम्पादक मण्डल
क.रा.ब. र ना.प्र.सा.

# BIGUL

☛ *Play your creativity with words.*


## PATRON

**Babu Ram Panta : Principal**

## ADVISORY BOARD

| | | |
|---|---|---|
| **Padma Raj Dhakal** | : | **Vice-Principal** |
| **Nanda Lal Tripathee** | : | **Director** |
| **Bed Prasad Sharma** | : | **Vice-Principal** |
| **Drona Raj Upadhyaya** | : | **Secondary Level Co-ordinator** |

## EDITORS

**Narayan Sapkota (English Section)**
**Kabi Raj Baral (Nepali Section)**

## ASSISTANT EDITORS

| | | |
|---|---|---|
| **Shova Pandit Chhetry** | : | **English** |
| **Shirsir Kandel** | : | **Science** |
| **Bindu Prasad Subedi 'Thakit'** | : | **S.Std.** |
| **Basanti Basnet** | : | **Nepali** |
| **Indra Kumari Dhakal** | : | **Nepali** |
| **Nabaraj Lamsal** | : | **English** |
| **Sun Maya B.K.** | : | **English** |
| **Anu Lama (Ale)** | : | **(Computer Assistant)** |

## STUDENT REPRESENTATIVES

**Sankalpa Kandel - 10 A**
**Aayusha Hamal - 10 A**
**Prakriti Dhakal - 10 A**
**Simran Regmi - 9 A**
**Drishti Khatri - 9 A**
**Abisha Gurung - 8 C**
**Aayushma Bhandari - 8 C**
**Aditi Lekha Poudel - 8 C**
**Aditi Subedi - 7 A**
**Ranu Ojha - 7 A**
**Bimika Karki - 7 A**
**Prasamsha Chhetri - 7 A**
**Prashna Gurung - 7C**


# बिगुल

"शब्दहरुद्वारा सृजनालाई बजाऊ"


वर्ष १५ – अङ्क-२ असोज, २०७५ (मासिक भित्ते पत्रिका) *Year 15- Issue-2 Sep./Oct.*